आज मिति २०७५/०३/०२ गतेका शनिवारको दिन वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङ ज्यूको अध्यक्षतामा निम्नलिखित सभाका सदस्यहरुको उपस्थितिमा निम्नानुसारको प्रस्ताव उपर छलफल गरि निम्नानुसार निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री फेन्चोक छेप्तेन गुरुङ | सभा अध्यक्ष | |
| २ | श्री दिकी गुरुङ | सभा उपाध्यक्ष | |
| ३ | श्री दिपक रेग्मी | प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री विर वहादुर गुरुङ | सभा सदस्य | |
| ५ | श्री छिन नाम्ग्या गुरुङ | | |
| ६ | श्री नविन कुमार गुरुङ | | |
| ७ | श्री तेन्जिङ नाम्गेल गुरुङ | | |
| ८ | श्री राप्के गुरुङ | | |
| ९ | श्री साङमो छिरिङ गुरुङ | | |
| १० | श्री फुल कुमारी विश्वकर्मा | | |
| ११ | श्री लक्ष्मी कुमारी गुरुङ | | |
| १२ | श्री देवि गुरुङ | | |
| १३ | श्री फुलमाया वि.क. | | फुलमाया |
| १४ | श्री छिरिङ आङ्ग्याल गुरुङ | | |
| | अन्य उपस्थिति | | |
| १५ | श्री यज्ञ गोतामे | | |
| १६ | श्री पुस्कर सुवेदी | | |
| १७ | श्री कष्ण रेग्मी | | |
| १८ | श्री जया गुरुङ | | |
| १९ | श्री छिरिङ ग्यालपो गुरुङ | | |
| २० | रोशनी नेपाली | | Roshani |
| २१ | | | |
| २२ | | | |

प्रस्तावहरुः

१) बजेटको तर्जुमा सम्वन्धमा ।
२) नीति तथा कार्यक्रम सम्वन्धमा ।
३) सम्पन्न योजनाको फरफारक सम्वन्धमा ।
४) होटल वर्गीकरण सम्वन्धमा ।
५)

निर्णयहरुः

१) आगामी आ.ब.२०७५/०७६ को वजेट तथा कार्यक्रम छनौटको लागि सम्वन्धित वडा अध्यक्षहरु वस्तिस्तरमा पुगेर स्थानिय मागका आधारमा योजना संकलन गर्ने । योजना सङ्कलन गर्दा सम्भव भए सम्म सबै विषयगत क्षेत्रलाई समेट्ने गरि तथा सम्भव भएसम्म ठूला आयोजनालाई प्रश्रय दिने सर्वसम्मत निर्णय गरियो ।

२) आगामी वर्षको नीति तथा कार्यक्रम तयार गर्दा पर्यटन कृषि पूर्वाधार र सामाजिक क्षेत्रलाई आधार मानी तयार गर्नुपर्ने सर्वसम्मत निर्णय गरियो । प्रत्येक घर मा उज्यालो र हरेक घरमा शौचालय तथा भान्सा भान्सामा खानेपानीको ब्यवस्था गर्ने गरि कार्यक्रम निर्माणमा जोड दिने निर्णय गरियो ।

३) यस गाउँपालिकाको आ.ब.२०७५/०७६ मा सञ्चालित आयोजनाहरु सम्वन्धित उपभोक्ता समितिको अनुगमन समितिको संयोजक सम्वन्धित गाउँको वडा सदस्य वडा अध्यक्ष उपाध्यक्ष तथा अध्यक्षको सिफारिसमा भुक्तानीको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

४) यस गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०७४/०३/१८ गतेका दिनको निर्णय अनुसार यस गाउँपालिकाले संकलन गरेको विवरणलाई आधार मानी निम्नानुसार आम्दानीको आधारमा वर्गिकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

निम्नानुसारः

१) वार्षिक १० लाख सम्म अनुमानित कारोवार हुने होटलले बार्षिक रु २०००/-
२) वार्षिक १० लाख देखि २० लाख अनुमानित कारोवार हुने होटलले बार्षिक रु ३०००/-
३) वार्षिक रु २० लाख देखि रु ३० लाख सम्म अनुमानित कारोवार हुने होटलले वार्षिक रु ४०००/-
४) वार्षिक रु ३० लाख देखि माथि अनुमानित कारोवार हुने होटलले वार्षिक रु ६०००/-